२४ भाद्र २०८०

## मागपत्र

नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ अन्तर्गत स्थापित यस नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले आफ्नो उद्देश्य बमोजिम नेपालमा स्वास्थ्य अनुसन्धानको प्रवर्धन, सञ्चालन र नियमनमा महत्त्वपूर्ण काम गरिआएको गौरवमय इतिहास अवगत नै छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वैज्ञानिक मापदण्ड अनुरुप स्वास्थ्य अनुसन्धान गर्ने-गराउने यस संस्थामा विगत केहि समय देखि भईरहेको विभिन्न दुराशय युक्त गतिविधि र कमजोर व्यवस्थापकीय नेतृत्वको कारण संस्था नै धराशायी बन्ने अवस्थामा पुगेको सम्बन्धित सबैमा जानकारी गराउन चाहन्छौं । यस संस्थामा यथेष्ट प्राविधिक जनशक्ति नहुँदा परिषद्ले आफूले सम्पादन गर्नुपर्ने जिम्मेवारीमा खरो तवरले उत्रिन नसकेका यथार्थ र अन्ततगत्वा अन्तर्राष्ट्रिय स्वास्थ्य अनुसन्धान जगतमा नेपालको स्थिति तुलनात्मक रूपमा कमजोर बनेको तथ्य जाहेर गर्दछौँ । उल्लेखनीय रुपमा लामो समय देखि करार सेवा मार्फत कर्मचारी नियुक्त गरी कार्य सम्पादन भईरहको यस स्वास्थ्य अनुसन्धानमा हाल २१ जना स्थायी दरबन्दी रहेको जसमध्ये अनुसन्धान शाखामा एक जना मात्र वरिष्ठ अनुसन्धान अधिकृत राखेर स्वास्थ्यसँग सम्बन्धीत नेपालमा हुने सम्पूर्ण राष्ट्रिय-अन्तरराष्ट्रिय अनुसन्धानजन्य कार्य भइरहेको आजको स्थिति संस्थाको गरिमाको हिसाबले लज्जास्पद स्थिति हो ।

यसै सन्दर्भमा मिति २०८० साल श्रावण ४ गतेका दिन अमर्यादित, अव्यवहारिक एवम् विवादित तवरबाट विगत दसौँ वर्ष देखि निरन्तर सेवा गदै आएका करार अवधिका सम्पूर्ण कर्मचारीहरूलाई एउटा भाइवर ग्रुप म्यासेज मार्फत कार्यालयबाट निकालिएपछि अन्योलको स्थिति उत्पन्न भएको छ । हालै सूचित तीन फरक-फरक किसिमका सूचनाहरूले (एक इमेलमार्फत र दुई प्रकाशित सूचना) परिषद्को आफ्नै बोर्डको निर्णय र विनियमवालीको मर्ममा समेत प्रहार गरेको छ । यस्तो कार्यबाट संस्थाको नेतृत्वसँग हालको सङ्कट समाधान गर्ने कुनै स्पष्ट योजना नरहेको र वर्षौँ देखि करार कर्मचारीको भरमा संस्थालाई केही सीमित व्यक्तिले निहित स्वार्थका लागि बन्दी बनाउने योजनामा लागेको प्रस्ट हुन आउँछ । यस गरिमामय संस्थामा यस्ता चलखेललाई रोक्नका निमित्त पटक पटक परिषद्का पदाधिकारी, कर्मचारी र नेतृत्वसँग छलफल गरेता पनि वर्षौँ देखि आश्वासन मात्र पाएको तर ठोस कदम नचालिएकाले हामी सम्पूर्ण करारका कर्मचारीहरू (प्राविधिक र प्रशासनिक कर्मचारीहरू) संस्था एवम् सम्पुर्ण स्वास्थ्य अनुसन्धानकर्मीको हितार्थ १८ बुँदे मागहरु सहित सङ्घर्षमा उत्रिन विवश भएको जानकारी गराउँदछौं । हामी नेतृत्वलाई ४८ घण्टाको अल्टिमेटम दिँदै सो समय अवधिभित्रमा हाम्रा माग सम्बोधनका निमित्त कुनै ठोस पहल कदम नगरिएमा कडा सङ्घर्षका कार्यक्रम अगाडी बढाउन बाध्य हुनेछौँ । साथै, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् सुधारको लागि हामी स्वास्थ्य अनुसन्धानसँग सम्बन्धित सम्पूर्ण संस्था,

पेसागत सङ्घ–सङ्गठन, नियामक निकायहरू, स्वास्थ्य अनुसन्धानकर्ता, बुद्धिजीवी, पत्रकार, शैक्षिक एवं सम्पूर्ण सरोकारवाला निकायहरू समक्ष ध्यानाकर्षण गराउँदै साथ-सहयोग को लागि हार्दिक अनुरोध गर्दछौँ ।

१८ बुँदे मागहरू:

१. Ethical Review Board (ERB) ले अनुसन्धानकर्ताहरूबाट अनुसन्धान प्रस्ताव (Research Proposal) बाट लिईदैं आएको दस्तुरले अनुसन्धानकर्तामा ठुलो आर्थिक भार पर्न आएकोले यसको पूर्वावलोकन गरिनुपर्ने । साथै, अनुसन्धान प्रस्तावहरूमा अनुमति पाउन अनुसन्धानकर्ताहरूलाई लाग्ने लामो समयलाई कम गर्न ethical review process को online portal एवम review process लाई थप व्यवस्थित र जवाफदेहीपूर्ण बनाउनु पर्ने ।

२. यस परिषद्को ERB शाखाबाट सङ्कलित रकम के कस्तो प्रयोजनको लागि उपयोग भएको छ भन्ने सार्वजनिक चासोको बिषय रहेकोले, त्यस शाखाबाट संकलित रकमको यथार्थ विवरण तत्काल पारदर्शी रूपमा प्रस्तुत गर्नुपर्ने । साथै यसरी सङ्कलित रकमको ५० प्रतिशत अनुसन्धान अनुदानमा (Research Grant) र अनुसन्धान मैत्री वातावरण निर्माण गर्न कार्यविधि बनाई छुट्टाउनु पर्ने।

३. हाल सम्म परिषद्को आफ्नै Biomedical Research गर्नलाई अनुसन्धान प्रयोगशाला नभएकोले गुणस्तरीय स्वास्थ्य अनुसन्धान प्रयोगशाला बनाउने कार्य तत्काल अघि बढाउनुपर्ने ।

४. नेपाल सरकारले आफ्नो मातहतमा रहेका कार्यालयहरूको चल अचल सम्पत्ति एवं सामाग्रीहरूको अभिलेखीकरण गरी दुरुस्त राख्न आवश्यक पर्ने software : PAMS (Public Assets Management System) को अनिवार्य व्यवस्था हुँदाहुँदै यस परिषद्को स्टोर शाखामा सो कार्य नभएको हुँदा स्टोर शाखामार्फत हुने गरेका यस अघिका सम्पूर्ण खरिद प्रक्रिया पारदर्शी नभएकाले छानबिन गर्नुपर्ने र तुरुन्त यस शाखामा software system लागु गर्नुपर्ने ।

५. यस परिषद्मा विगतका केही वर्ष देखि व्यापक रूपमा स्वास्थ्य अनुसन्धानजन्य कार्यमा संगठित रूपमा भइरहेको आर्थिक तथा नैतिक भ्रष्टाचारको छानबिनका लागि नेपाल सरकारको सचिव स्तरीय छानबिन आयोग/ समिति तत्काल गठन गर्नुपर्ने ।

६. नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को जर्नल (JNHRC) निश्चित समयमा प्रकाशन हूने नगरेको, यस संस्थामा Plagiarism परीक्षण गर्नका निमित्त Software नभएको, NEPMED मा कुनै कार्य हुन नसकेकोले यस जर्नल शाखाको स्तरोन्नतिको निम्ति सो शाखाको नेतृत्व सक्षम, अनुभवी र स्वास्थ्य विज्ञानसँग सम्बन्धित अनुसन्धानकर्ताहरूलाई दिई आवश्यक प्राविधिक व्यवस्थापन अविलम्ब गरिनुपर्ने ।

७. हालै अनुमोदन भएको परिषद्को कर्मचारी सम्बन्धी विनियम प्रचलित कानुन विरुद्ध , धेरै त्रुटिपूर्ण र समावेशी समेत नभएको हुँदा परिमार्जन प्रक्रिया तत्काल अगाडि बढाउनुपर्ने ।

८. यस परिषद्को पुस्तकालयलाई Digital Library को रूपमा स्तरोन्नति गर्नुपर्ने ।

९. असार मसान्तसम्म विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान परियोजनामा कार्य हुँदै आएको र आवश्यक बजेट एवम् कर्मचारी उपलब्ध हुँदाहुँदै पनि गलत नियतका साथमा ती विभिन्न कार्यहरूलाई सम्पन्न नगरी बिचैमा बन्द गरिदिँदा/ अलपत्र छोड्दा अन्तर्राष्ट्रिय जगतमा समेत नराम्रो प्रभाव पर्न गएकाले उक्त परियोजनाहरूका लागि उचित व्यवस्था सहित सञ्चालन गर्नुपर्ने ।

१०. विगतका वर्षमा लोकसेवा आयोगका प्रतिनिधिहरूको प्रत्यक्ष उपस्थितिमा यस परिषद् द्वारा सञ्चालित परीक्षा प्रक्रिया उत्तीर्ण गरी नियुक्त कर्मचारीहरू गत असार मसान्तसम्म विभिन्न अनुसन्धान एवं परियोजनामा कार्य गर्दै आएको र यस परिषद्को बोर्डको हालैको निर्णय अनुसार पुनर्बहाली गरी अनुसन्धानका कार्यहरू नियमित सञ्चालन गरिने भनिएकोमा विगतदेखि कार्यसम्पादन गर्दै आइरहेको सम्पूर्ण करार कर्मचारीहरूको उचित व्यवस्थापन गर्नुपर्ने ।

११. मिति २०८०-०५-२० मा प्रकाशित करार कर्मचारी आवश्यकता सम्बन्धि विज्ञापन फरक-फरक प्रावधान राखी दुई पटक प्रकाशित गरिएकोमा सो त्रुटिपूर्ण प्रकाशित विज्ञापन अविलम्ब स्थगित गरिनुपर्ने । सो विज्ञापनमा सिमित अनुसन्धान अधिकृत मात्रै माग गरिएको, अनुसन्धानको आवश्यकता विपरीत वरिष्ठ अनुसन्धान अधिकृत र सहायक अनुसन्धान अधिकृतको माग नगरिएको, माग गरिएकोमा पनि अन्तर्वार्तालाई मात्रै ग्राह्यता दिइएकोमा, अनुसन्धान कार्य अनुभवको विषयमा स्पष्ट किटान नगरिएका जस्ता विषयलाई तत्काल सम्बोधन गर्नुपर्ने ।

१२. करार सेवा मार्फत सेवा गरिराखेका कर्मचारीहरूलाई अन्य कर्मचारी सरह सेवा सुविधाको वैज्ञानिक तबरले व्यवस्था गर्नुपर्ने ।

१३. यस परिषद्मा स्वास्थ्य अनुसन्धान शाखामा हाल एक जना मात्र वरिष्ठ अनुसन्धान अधिकृत कार्यरत रही कार्य हुँदै आएको अवस्थामा यस शाखा स्वास्थ्य अनुसन्धानसँग सम्बन्धित कर्मचारीबाट सञ्चालन हूने तवरले व्यवस्था गर्नुपर्ने ।

१४. यस परिषद्ले अन्तर्राष्ट्रिय परियोजनाका र सरकारी परियोजनाको लागि गर्दै आएका अनुसन्धानजन्य कार्यहरू छुट्टा-छुट्टै नीति योजना बनाई सो अनुरूप काम गर्ने जनशक्तिहरूलाई TOR (Term of Reference) मार्फत् कार्य गर्ने व्यवस्था मिलाउनु पर्ने ।

१५. यस परिषद्मा कार्यरत एवम् फिल्ड वर्कका लागि परिषद्का तर्फबाट खटाइएका सबै कर्मचारीहरूलाई बिमाको व्यवस्था, जोखिम भत्ताको व्यवस्थाका साथै दैनिक भत्ताको दररेट समेत परिमार्जन गर्नुपर्ने।

१६. युवा स्वास्थ्य अनुसन्धानकर्ता प्रोत्साहन गर्ने Startup Research का लागि यस परिषद्ले आफ्नो कार्यक्रममा अनिवार्य रूपमा व्यवस्था गर्नुपर्ने ।

१७. स्वास्थ्य अनुसन्धानकर्ताहरू नेपालमै बसेर काम गर्न प्रोत्साहित गर्न, Brain Drain निरुत्साहित गर्ने योजना राष्ट्रिय योजनामा समावेश गर्न पहल गर्नुपर्ने ।

१८. यस संस्थाको मुख्य भूमिका Research Ethical Review, Monitoring and Evaluation, Misconduct Evaluation रहेकोले, सो अनुसार स्पष्ट कार्य योजनाको व्यवस्था गर्नुपर्ने ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद् सुधार समिति

बोधार्थ,

१. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार

२. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ

३. शिक्षा तथा स्वास्थ्य समिति, सघिंय संसद, सिंहदरबार

४. लोकसेवा आयोग, अनामनगर

५. नेपाल मेडिकल काउन्सिल

६. नेपाल आयुर्वेद चिकित्सा परिषद्

७. नेपाल स्वास्थ्य व्यवसायी परिषद्

८. नेपाल नर्सिङ्ग परिषद्

९. नेपाल फार्मेसी परिषद्

१०. नेपाल चिकित्सक संघ

११. नेपाल आयुर्वेद चिकित्सक संघ

१२. नेपाल नर्सिङ्ग संघ

१३. नेपाल जनस्वास्थ्य संघ

१४. नेपाल फार्मेसी संघ

१५. नेपाल फिजियोथेरापी संघ

१६. मेडिकल ल्याबोरेटरी एसोसिएसन अफ नेपाल (मेलान)